परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२२ •२०७९ साल माघ १० मंगलबार •(24 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## गृहमन्त्रीको राजीनामा माग्दै जनकपुरधाममा प्रदर्शन



टक नेपाल, जनकपुरधाम । जनकपुरधामका दुई युवकको अपहरणपछि भारतमा हत्यालाई लिएर स्थानीय आन्दोलित भएका छन् । आन्दोलित मृतकका परिवारजन र स्थानीयले आइतबार जनकपुरधाम उपमहानगरपालिका-९ पिडारी चोकमा प्रदर्शन गरि चक्काजाम गरेका हुन् । उनीहरुले प्रहरी प्रशासनको कमजोरी र लापरवाहीका कारण युवकद्वयको हत्या भएको भन्दै प्रदर्शन गरेका छन्। जनकपुरधामका युवकद्वय विष्णु साह र रोहित साहको हत्या गरी फरार भएका हत्यारालाई अनुसन्धानको दायरामा ल्याई कडा कारवाही गर्न स्थानीय प्रशासनसँग स्थानीयले माग गरेका छन्। पीडित परिवारले अपहरणकारीको फोन आउँदा आफूहरुले उसको कल रेकर्ड तुरुन्त प्रहरीलाई पठाउने गरे पनि अहिले प्रहरीले झुटो बोलेर घटनालाई मोड्न थालेको आरोप लगाएका छन् ।

प्रहरीले विष्णु र रोहितको अपहरणपश्चात् पनि खोजतलासमा कुनै सहयोग नगरेको परिवारजनको आरोप छ । परिवारजनको आग्रह अनुसार प्रहरीले घटनाको अनुसन्धान गरेको भए दुबैजनाको ज्यान जोगिने सम्भावना रहेको परिवारजनको भनाइ छ । उनीहरुले स्थानीय प्रशासनको लापरबाहीले हत्या भएको आरोप लगाउँदै गृहमन्त्री रवि लामिछानेको राजीनामासमेत माग गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-८ बस्ने जगदीश साहका २२ वर्षीय छोरा रोहित र वडा नम्बर-१३ बस्ने रामबाबु साहका २५ वर्षीय छोरा विष्णु साहको हत्या भएको थियो। उनीहरुको शव आइतबार बिहान भारतको बिहार राज्यस्थित परिहार पर्सा गाउँको पश्चिमतर्फ चौरमा शव फेला परेको थियो।

दुईसाता अघि दुवैजना भारतको सितामढी जिल्लाको बेला परिहार बस्ने आफ्ना आफन्तको घर गएका थिए । त्यहाँबाट गत पुस २७ गते एकाएक बेपत्ता भएका दुबैजनाको परिवारलाई अपरहरणकारीले गत सोमबारसम्म भारतीय नम्बरबाट फोन गरी ५० लाख रुपैयाँ फिरौती मागेको थियो। अपहरणकारीले विष्णुको आवाज रेर्कड गरेर उनका आफन्तलाई फोनबाट सुनाएका थिए । परिवारले अपहरणकारीलाई २० लाख दिन राजी भएका पनि थिए । अपहरणकारीले २० लाख रुपैयाँ लिएर सर्लाहीको मलंगवा नाका नजिक बोलाएपछि परिवारजनले प्रहरीलाई जानकारी गरायो। तर, गत मंगलवारदेखि अपहरणकारीको मोबाइलमा सम्पर्क हुन छोडेको थियो। यता, धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले अपहरणको जानकारी पश्चात भारतीय प्रहरीसँग समन्वय गरेर स्थानीय प्रशासन खोजतलासमा सक्रियपूर्वक लागेको जानकारी दिए। उनले अपहरणकारीले पठाएको रेकर्ड परिवारजनले प्रहरीलाई समयमा जानकारी नदिएको बताएका छन्। घटनापछि प्रहरीले अहिलेसम्म ९ जनालाई पक्राउ गरेको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले भारत र नेपालका गरी ९ जनालाई पक्राउ गरेको एसपी खड्काले जानकारी दिए । उनीहरुको नाम अहिले गोप्य राखिएको छ ।

## मुर्तिकारहरू सरस्वती माताको मुर्ति बनाउन व्यस्त



फोटो : धर्वेन्द्र कुमार यादव 'यदुवंशी'

टक नेपाल, औरही । मधेस प्रदेशका विद्यार्थी र विद्यालयमा अनिवार्य रुपमा मनाइने सरस्वती पूजा नजिकिँदै गएको छ । वसन्त पञ्चमीको दिन विद्यार्थीहरुले मनाउने सरस्वती पूजालाई मध्यनजर गर्दै यति बेला मधेस प्रदेशका मुर्ति बनाउने कालिगढहरु सरस्वतीमाताको प्रतिमा बनाउन व्यस्त देखिन्छन् । विगत ६ दशकदेखि प्रतिमा बनाउने काम गर्दै आएका महोतरीको औरही नगरपालिकाका २ फुलवरियाका ६० वर्षीय मूर्तिकार दिनेश रामका अनुसार बिगतको वर्षमा कोरोना संक्रमण र लकडाउनका कारण आम्दानी भएन अहिले आएर शितलहरले लामो समय देखि घाम नलागेको कारण मूर्तिको व्यवसायमा सोचे जस्तो आम्दानी नभएको बताए । देशमा तीन तहको सरकार भए पनि स्थानीय सीप र पेशालाई प्रबर्द्धन गर्ने रोजगारी संग जोड्ने जस्तो कार्य नभएको हुँदा धेरै मुर्तिकारहरुले पुर्खौली पेशा छोडनु पर्ने अवस्था आएको छ । सिजन अनुसार घर मै मूर्ति बनाउँदै आएका मूर्तिकार रामले आफू किशोर उमेर देखि नै बुवासँगै सिकेर उनीसँगै मिलेर मूर्ति बनाउने काम गर्दै आएको र अहिले आफ्नो सारा परिवार नै पनि यसै पेशामा रमाइरहेकोले बिगतको वर्षमा कोरोनाको कारणबन्दाबन्दी र अहिले मौसमका कारण पेशा नै संकटमा पर्ने अवस्था सृजना भएको दुखेसो पोखे । अहिले सोचे जस्तो आम्दानी नभए पछि थुप्रै बेरोजगार भई विदेश पलायन भएको राम बताउंछन् । उनले आफूले चाँहि जेनतेन यसै पेशाबाट परिवारको भरणपोषण गर्दै आएको बताए । विशेष गरी सरस्वती पूजा, दुर्गा पूजा, विश्वकर्मा पूजा र कृष्णाष्टमीको बेला मूर्तिहरुको माग बढी हुने गरेको छ । घाम लागेको भए पर्व तथा महोत्सवहरुको लागि सयौं मूर्तिहरुको माग आउँथ्यो । लागत खर्च कटाएर कमाई पनि राम्रै हुँदै आएको थियो तर अहिले भने बिक्रीको लागि तयार पारेर राखेको मूर्ति समेत बिक्न धौधौ पर्ने गरेको छ ।' -अर्का मूर्तिकार कैलास रामले बताए । माटो, काठ तथा परालको प्रयोगबाट बनाइने मूर्ति राम्रोसँग घाम लागेको अवस्थामा पूर्ण रुपमा सुक्न र निर्माण सम्पन्न हुनका लागि ७ देखि १० दिनसम्म लाग्ने गर्दछ। मूर्तिको आकार प्रकार अनुसार एउटा मूर्ति न्यूनतम २५ सय देखि अधिकतम् १५ हजार रुपैया सम्ममा बिक्री हुने गरेको मूर्तिकारहरु बताउँछन् । समय परिस्थिति र मूर्ति बनाउने काम प्रति नयाँ पुस्ताको घट्दै गएको रुचिका कारण पुर्ख्यौली पेशा लोप हुँदै गइरहेको अवस्थामा स्थानीय सरकारले उनीहरुको सीपको जगेर्ना एवं संरक्षण गर्नुपर्ने आवश्यक्ता देखिएको छ ।




# अमेरिका र चीन बीच चिप्स युद्ध , कसले जित्ला यसै भन्न सकिने अवस्था छैन

एजेन्सी । नानोमिटर भनेको एक मिटरलाई एक अर्ब भागबराबर हो। सिलिकनले बन्ने यति सानो आकारको माइक्रोचिप्सका लागि अहिले संसारकै दुई सबैभन्दा ठूला अर्थतन्त्रहरू अमेरिका र चीन ठूलो युद्धमा छन्। हतियारको युद्ध होइन प्रविधिको युद्ध। यो युद्ध कसले जित्ला अहिलेसम्म यसै भन्न सकिने अवस्था छैन। चिप्स यस्तो आधुनिक प्रविधि हो जसबिना हामीमध्ये अधिकांशको दैनिक जीवन चल्न गाह्रो हुन्छ। यो मोबाइल फोन, कम्प्युटर, भान्सामा प्रयोग हुने उपकरण, बालबालिकाका खेलौनादेखि गाडी तथा हतियारलगायत सैनिक सामग्रीसमेत यसको अभावमा बन्न सक्दैनन्। विश्वकोअत्याधुनिकप्रविधिकारुपमारहेकोचिप्सकाक्षेत्रमाको अगाडि बढ्ने भनेर अहिले अमेरिका तथा उसका सहयोगी मुलुक एकातिर तथा चीन अर्कातिर भएर प्रतिस्पर्धा गरिरहेछन्। अमेरिकी प्रविधि प्रयोग भएको चिप्स मात्रै होइन, त्यो बनाउन प्रयोग हुने उपकरण र हार्डवेयरसमेत चीन निर्यातमा अमेरिकाले प्रतिबन्ध लगाएपछि यसले युद्धको रुप ग्रहण गरेको छ । यस्ता सामान संसारका जुनसुकै मुलुकमा बनेका भए पनि चीन निर्यात गर्न नपाउने व्यवस्था अमेरिकाले गरेको छ । अहिले करीब करिब ५ सय अर्ब अमेरिकी डलर (६ सय ५० खर्ब नेपाली रुपैयाँ) बराबर रहेको चिप्स उद्योगको आकार सन् २०३० सम्ममा दोबर हुने अनुमान गरिएको छ। तर प्रतिस्पर्धा चिप्सको उद्योग कति ठूलो हुने भन्ने होइन, यसको प्रयोगमार्फत प्राविधिक तथा सैनिक क्षमतामा कसले बाजी मार्ने भन्ने हो। त्यति मात्रै होइन संसारको सबैभन्दा ठूलो चिप्स निर्माता मुलुक ताइवानमाथि चीन र अमेरिकामध्ये कसको प्रभाव बढी रहने भन्ने प्रतिस्पर्धा पनि यसमा जोडिएको छ। अत्याधुनिक चिप्स उत्पादनको प्रविधि अहिले अमेरिका तथा यसका सहयोगी मुलुकहरू ताइवान दक्षिण कोरिया लगायतसँग छ । चीन चिप्स उत्पादनका लागि त्यो प्रविधि चाहन्छ तर अमेरिका त्यो प्रविधि प्रयोग गरी चीन प्राविधिक हिसाबले अघि बढ्न नसकोस् भन्नेमा छ । 'अमेरिका र चीन एसिया प्यासिफिकमा सैन्य प्रतिस्पर्धामा छन्, त्यसो हुँदा निश्चित रुपमा चिप्सको युद्धमा छन्। तर यो विषय यतिमा मात्रै सीमित छैन। यो कुन मुलुकसँग बढी पानीजहाज छ वा मिसाइल छ भन्ने परम्परागत प्रतिस्पर्धादेखि आर्टिफिसियल इन्टेलिजेन्समा कुन मुलुक अघि बढ्ने भन्नेसम्मको कुरा छ। आर्टिफिसियल इन्टेलिजेन्सको अल्गोरिदम अबका दिनमा सैन्य प्रणालीलाई बलियो बनाउन अत्यन्तै महत्वपूर्ण छ त्यसैले पनि चिप्सको विषय यति पेचिलो बनेको हो,' चिप वार्सका लेखक तथा टुफ्टस् युनिभर्सिटीका सहप्राध्यापक क्रिस मिलरलाई उद्धृत गर्दै बिबिसीले लेखेको छ।

**चिप्स कम्पनीलाई सहुलियत दिने प्रतिस्पर्धा**

अमेरिकाले आफ्नो प्रविधिमा बनेको चिप्स निर्यातमा प्रतिबन्ध लगाएपछि चीनले उसविरुद्ध विश्व व्यापार संगठनमा उजुरी गरेको छ। सँगसँगै उसले आफ्नो मुलुकका चिप्स उद्योगलाई करिब १ सय ४३ अर्ब अमेरिकी डलर (१० खर्ब युआनभन्दा बढी) बराबरको सुविधाको प्याकेजसमेत दिन लागेको रोयटर्सले जनाएको छ। चिप्समा आत्मनिर्भर




बन्ने प्रयासस्वरुप उसले कम्पनीहरूका लागि अहिलेसम्मकै सबैभन्दा ठूलोमध्येको वित्तीय प्याकेज ल्याएको हो, जसअन्तर्गत पाँच वर्षसम्म अनुदान, कर सहुलियत दिइनेछ। उता अमेरिकी कम्पनीहरूले समेत सन् २०२० यता चिप्स उद्योगमा २ सय अर्ब अमेरिकी डलरभन्दा बढी रकम लगानी गरिसकेको द न्युयोर्क टाइम्सले जनाएको छ। गत सेप्टेम्बरमा चिप जायन्ट इन्टेलले २० अर्ब डलर लगानीमा दुई नयाँ सेमिकन्डक्टर उद्योग स्थापना गर्ने घोषणा गरेको थियो। त्यसको एक महिनापछि माइक्रोन टेक्नोलोजीले समेत एक दशकभित्र २० अर्ब डलर नै लगानी गर्ने घोषणा गरेको थियो। यो लगानीलाई पाँच गुणासम्म बढाउने उसको घोषणा थियो। डिसेम्बरमा मात्रै ताइवान सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) ले अमेरिकाको फिनिक्समा एउटा ठूलो पार्टी आयोजना गरी अमेरिकामा मात्रै आफ्नो लगानी तीन गुणाले बढाएर ४० अर्ब डलर पुऱ्याउने घोषणा गऱ्यो। साथै उसले अत्याधुनिक चिप्स उत्पादनका लागि दोस्रो नयाँ उद्योग स्थापनाको घोषणासमेत गऱ्यो। अमेरिकाको सेमिकन्डक्टर इन्डष्ट्री एसोसियसनका अनुसार ३५ कम्पनीहरूले २ सय अर्ब अमेरिकी डलरभन्दा बढी लगानीको प्रतिबद्धता जनाएका छन्।

**कसले बनाउँछ चिप्स ?**

सेमिकन्डकर चिप्सको उत्पादन अत्यन्तै विशिष्टीकृत र जटिल हुन्छ। आइफोनमा अमेरिकामा डिजाइन भएको, ताइवान, दक्षिण कोरिया वा जापानमा बनेको र चीनमा एसेम्बल भएको चिप्स प्रयोग भएको हुन्छ। चिप्सको आविस्कार अमेरिकामा भए पनि पछिल्लो समय पूर्वी एसियाली मुलुकहरू यसको उत्पादनको केन्द्र भएका छन् । विश्वको सबैभन्दा ठूलो चिप्स निर्माता ताइवान सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) हो। यसले विश्वको कुल मागको ५४ प्रतिशत हिस्सा ओगट्छ। विश्वको ९० प्रतिशतभन्दा बढी सुपर एडभान्स चिप्स उत्पादन गर्छ । यसले एप्पलका लागि चिप्स आपूर्ति गर्छ। ताइवान अमेरिका जापानलगायत मुलुकमा उद्योग रहेको टीएसएमसीले विश्वका अन्य मुलुकमा पनि उत्पादन विस्तार गर्दै छ । सन् १९८७ मा स्थापना भएको यो कम्पनी ताइवान स्टक एक्सचेञ्ज र न्यूयोर्क स्टक एक्स्चेञ्जमा सूचीकृत छ । त्यस्तै दक्षिण कोरियाको सामसङ इलेक्ट्रोनिक्स विश्वको दोस्रो ठूलो चिप्स उत्पादक हो। टेलिभिजन, मोबाइल फोन, ट्याब्लेटलगायत उत्पादन गर्ने यो कम्पनीले आफ्ना उत्पादनमा मात्रै होइन सोनी नोकिया एप्पल एचटीसीलगायतलाई आपूर्तिसमेत गर्दै आएको छ । चिप्सको बजारमा सामसङको हिस्सा १७ प्रतिशत छ । चिप्स उत्पादनमा तेस्रो ठूलो कम्पनी पनि ताइवानकै छ- युनाइटेड माइक्रोइलेक्ट्रोनिक्स कर्पोरेशन (यूएमसी)। २० हजारलाई रोजगारी दिएको यो कम्पनीले विशेषगरी गाडी कम्पनीहरूलाई चिप्स आपूर्ति गर्दै आएको छ । यसले चिप्स उत्पादनमा ७ प्रतिशत हिस्सा ओगटेको छ । विश्वको चौथो ठूलो चिप्स निर्माता कम्पनी ग्लोबल फाउन्ड्रिज हो जसले सात प्रतिशत बजार हिस्सा ओगट्छ । यो मात्रै यस्तो कम्पनी हो जसले अमेरिका युरोपियन युनियन तथा सिङ्गापुरसमेतमा चिप्स उत्पादन गर्दै आएको छ । विश्वको पाँचौं ठूलो चिप्स निर्माता कम्पनी सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ इन्टरनेशनल कर्पोरेशन (एसएमआईसी) हो, जसले कुल मागको ५ प्रतिशत आपूर्ति गर्छ। चीनको सांघाइमा मुख्यालय रहेको यो कम्पनी अर्धसरकारी स्वामित्वमा छ । यसका अतिरिक्त इन्टेल पनि ठूलो चिप्स निर्माताामा पर्छ । अमेरिकाको सबैभन्दा ठूलो चिप्स निर्माता यसले कम्प्युटरहरूलाई चिप्स आपूर्ति गर्दै आएको छ । अमेरिकाका क्वाल्कम इन्क, माइक्रोन टेक्नोलोजी, ब्रोडकम इन्क, एनभिडिया, टेक्सास इन्स्ट्रुमेन्ट्सलगायत विश्व चिप्सबजारमा अग्रणी रहँदै आएका छन् ।

**चिप्स युद्ध प्रविधिको मात्रै होइन भूराजनीतिक दुस्मनी पनि हो**

ताइवानी कम्पनी मात्रैले ६३ प्रतिशत चिप्स आपूर्ति गर्दै आएका छन् भने दक्षिण कोरियाली कम्पनीले १८ प्रतिशत, चिनियाँ कम्पनीले ६ प्रतिशत र विश्वका अन्य मुलुकका कम्पनीले बाँकी १३ प्रतिशत हिस्सा ओगट्छन्। अमेरिकी खेमामा रहेका ताइवान र दक्षिण कोरियाले मात्रै ८१ प्रतिशत चिप्स उत्पादन गर्ने भएकाले अहिलेको चिप्स वारमा निश्चित रुपमा अमेरिका हाबी भएको छ । ताइवान आफ्नो भूमि रहेको भनेर चीनले परम्परागत रुपमा आफ्नो दाबी प्रस्तुत गर्दै आएको छ। त्यसलाई अमेरिका तथा उसका सहयोगी मुलुकले अस्वीकार गर्दै उसलाई सार्वभौम मुलुक बनाउने अभियानमा छन्। त्यसले पनि एसिया प्यासिफिकमा चीन र अमेरिकी अलायन्सको सैन्य गतिविधि तीव्र छ । त्यो अभियानमा अमेरिकाले माइक्रो चिप्सलाई एउटा हतियारमा रुपमा प्रयोग गरेको छ। किनभने ताइवान चिप्स उत्पादनको केन्द्र हो। राष्ट्रपति जो बाइडेनले चिप्सलाई चीनबाट ताइवानलाई जोगाउने 'सिलिकन सिल्ड' भन्ने गरेका छन् । गत अक्टोबरमा वासिङ्टनले अमेरिकी प्रविधि प्रयोग भएको चिप्स, चिप्स बनाउने उपकरण तथा सफ्टवेयर चीनलाई बेच्न प्रतिबन्ध लगायो। अमेरिकी प्रविधि प्रयोग भएका कम्पनी जुन देशमा रहेको भए पनि उनीहरूले चीन निर्यात गर्न नपाउने भए। त्यति मात्रै होइन अमेरिकी नागरिक र त्यहाँको स्थायी बसोबासको अनुमति लिएका मानिसलाई चीनका केही कम्पनीमा काम गर्न पनि प्रतिबन्ध लगाइयो । हार्डवेयर मात्रै होइन जनशक्तिमा पनि प्रतिबन्ध लागेपछि त्यसले चीनलाई निकै अप्ठ्यारो परेको छ। 'यस क्षेत्रमा ट्यालेन्टको अत्यन्तै महत्व हुन्छ। चीनका सेमिकन्डक्टर कम्पनीहरूका उच्च तहका कर्मचारीहरूमध्ये अधिकांश कि अमेरिकी पासपोर्टधारी छन्। उनीहरूले अमेरिकामा तालीम लिएका छन् र उनीहरूसँग अमेरिकाको ग्रीनकार्ड छ । त्यसैले यो चीनका लागि साँच्चै ठूलो समस्या हो,' चीनको नीति अनुसन्धानसम्बन्धी कम्पनी ट्राइभियम चाइनाका विश्लेषक लिङ्हाव बावलाई उद्धृत गर्दै बीबीसीले उल्लेख गरेको छ। अमेरिकाको प्रतिबन्धपछि एप्पलले चीनको सबैभन्दा सफल चिप्स उत्पादक याङ्जी मेमोरी टेक्नोलोजिज कर्पोरेशनबाट चिप्स खरीदको सम्झौता रद्द गरिदियो। विश्वमा उत्दादन भएका चिप्समध्ये आधाजसो चीनले खपत गर्छ ।

**हुवावेमाथिको सफल रणनीति चीनमाथि नै प्रयोग**

प्रविधिको क्षेत्रमा कसरी हमला गर्न सकिन्छ भन्ने कुरामा अमेरिकाले हुवावेको अनुभवबाट निकै सिकेको बावले बताए । 'कुनैबेला सामसङपछि सबैभन्दा धेरै स्मार्टफोन उत्पादन गर्ने यो कम्पनी हुवावे अहिले वास्तवमा मृतजस्तै बनेको छ। चिनियाँ कम्पनीलाई अमेरिकाले एकदमै सजिलै धरासायी बनाएको थियो। त्यसलाई कसरी जवाफ दिने भन्ने विकल्प चीनसँग थिएन। पहिला अमेरिकाले चीनका कम्पनीहरूमाथि आक्रमण गरिरहेको थियो। अहिले त्यसको दायरा विस्तार गरेर सिंगो देशमाथि गऱ्यो,' बावको भनाइ बीबीसीले उद्धृत गरेको छ। यस्तो अवस्थामा चीनले गर्नसक्ने भनेको अमेरिकासँग हुने अन्य वस्तु तथा सेवाको आयात निर्यातमा प्रतिबन्ध हो । तर अहिले चीनको अर्थतन्त्र नै मन्दीमा गइरहेका बेला त्यसो गर्नु उसकै लागि आत्मघाती हुनसक्छ। त्यसैले त्यो विकल्पमा चीन गएको छैन। त्यसको साटो उसले चिप्स निर्माता कम्पनीहरूलाई राहत तथा सहुलियतको घोषणा गरेको छ जसले आफ्नै मुलुकमा पर्याप्त चिप्स बनाउन सकियोस् । अमेरिकी राष्ट्रपति बाइडेनले चिप्स कम्पनीहरूलाई अनुदान स्वरुप करिब ५३ अर्ब डलर र कर सहुलियत स्वरुप थप २४ अर्ब डलरसम्म प्रदान गर्नसक्ने कानूनमा हस्ताक्षर गरेपछि चीनले पनि त्यस्तै प्याकेज ल्याएको हो। यसअन्तर्गत चिप्स उत्पादनका लागि सामान किन्दा कम्पनीहरूले २० प्रतिशतसम्म अनुदान पाउन सक्छन्। तर यो अनुदान पाउने कम्पनीले उत्पादन शुरु गर्न वर्षौं लाग्नसक्छ। अर्कातिर विश्व व्यापार संगठनमा चीनले गरेको अपिलको फैसला पनि चाँडै आउनेवाला छैन । अमेरिकी प्रविधि र जनशक्तिबिना नै चीनले थालेको चिप्स उत्पादन अभियान कसरी अघि बढ्ला त्यसको स्पष्ट चित्र अहिलेसम्म पनि देखिएको छैन। टीएसएमसी तथा सामसङ इलेक्ट्रोनिक्सलगायत ३ नानोमिटरदेखि ५ नानोमिटरसम्मका अत्यन्तै आधुनिक चिप्स निर्माणमा लागेका छन्। चिनियाँ कम्पनीहरूले त्यस स्तरको क्षमता तत्कालै विकास गर्नसक्नेमा विश्लेषकहरू शंका व्यक्त गर्छन्। उसले त्यसो गर्न सकेको खण्डमा चिप्स उद्योग र त्यसको उपयोग हुने उद्योगको आगामी बाटो भिन्न रुपमा तय हुनेछ। जसले अमेरिका तथा उसका सहयोगीहरूलाई पनि टाउको दुःखाइ हुनसक्छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। | तुला | आफ्नो विचार विपरित निर्णय हुने र गरेको काममा ढिलासुस्ती हुनेछ। |
| बृष | आज घर परिवारसँग सुख र मनोरञ्जन पूर्वक दिन बित्नेछ। | वृश्चिक | ठीक समयमा सही निर्णय लिन सकिनेछ। |
| मिथुन | आज मालसामान हराउन सक्छ। | धनु | आज महत्त्वपूर्ण कामको थालनी हुनेछ। |
| कर्कट | आज आफ्नो क्षेत्रमा नयाँ योजना बनाउन सकिनेछ। | मकर | आज व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ। |
| सिंह | स्वादिष्ट सुखद् भोजन मिल्नेछ। | कुम्भ | आज स्वास्थ्यप्रति सजग रहन आवश्यक छ। |
| कन्या | आज सामाजिक र राजनैतिक कार्यमा विशेष सफलता मिल्नेछ। | मीन | आज स्वादिष्ट खानपिन खान पाइएला। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**


## ....सम्पादकीय

# निर्देशनमाथि निर्देशन

सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले दिएका निर्देशन पालना हुन सकेका छैनन्। पहिलो, उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठको खाल्डाखुल्डी पुर्ने निर्देशनको पालना हुन सकेको छैन। दुई, उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले मौखिकरूपमै कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त सांसद लक्ष्मी महतो कोइरीलाई गिरफ्तार गर्ने निर्देशन दिए पनि पालना भएन। अरू मन्त्रीले समेत विभिन्न निर्देशन जारी गरिरहेका छन्। ती निर्देशनको पालना भइहाल्ने स्थिति तत्कालका लागि देखिएको छैन। यसबाट मन्त्रीले निर्देशन दिइरहने र त्यसको पालना नहुने अनौठो अवस्थाबाट मुलुक गुज्रिरहेको देखिन्छ। मन्त्रीको निर्देशन र राज्यका निकाय बीचको असंगतिपूर्ण सम्बन्ध देखिँदै आएको छ। मन्त्री आएकै निर्देशन दिनका निम्ति हो भन्ने भएको छ। आफूभन्दा जतिसुकै योग्य र अनुभवी कर्मचारी भए पनि मन्त्रीले निर्देशन दिनै पर्छ। व्यावसायिक क्षेत्रमा समेत सामान्य अनुभव मात्र भएको व्यक्ति पनि मन्त्री पदमा पुगेपछि ऊ निर्देशन दिने अवस्थामा पुग्छ। यसको अर्थ हो-जति ठूलो पद उति धेरै ज्ञान। यसरी धेरै ज्ञान भएका व्यक्तिले स्वाभाविकरूपमा निर्देशन दिनुपर्छ। ज्ञान बाँड्नु प्रत्येक उपल्ला पदको नैसर्गिक अधिकार हो भन्ने स्थापित भएको छ। न मन्त्री बनाउनेलाई तिनको योग्यताबारे महसुस छ, न मन्त्री हुनेलाई नै आफ्नो सीमाबारे जानकारी छ। हाम्रो मुलुक कस्तो अवस्थामा छ भने मन्त्रीले नदेखाइकन कुनै काम हुँदैन। सडकका खाल्डाखुल्डी मन्त्रीले मात्र देख्न सक्छन्, भइरहेको प्रणालीले देख्न सक्दैन। मन्त्री श्रेष्ठले नदेखाए पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यस मातहत कार्यालयको प्रणालीले सडकका खाल्डाखुल्डी देख्न सक्नुपर्थ्यो। तर, मन्त्रालयको संरचनाले यो देख्दैन। त्यो देखाउन मन्त्री नै सडकमा पुग्नुपर्छ। सडकका खाल्डा देखाउने मन्त्रीको प्रयास यो नै पहिलो होइन। यसअघिका मन्त्रीले पनि यो काम गरेका हुन्। मन्त्रीले जब सडकमा ध्यान दिएनन् फेरि खाल्डाखुल्डी देखिन थालिहाल्छन्। पहिलो, यो मुलुकमा कुनै पनि कामका निम्ति तोकिएको निकायले आफैँ काम गर्न सक्दैनन्। दुई, एउटै सडक खन्ने विभिन्न निकाय छन्। एउटाले बनाइसकेपछि अर्कोले त्यसमा आएर कुनै परियोजनाका निम्ति खन्नै पर्छ। एक हिसाबले यी विभिन्न निकायले सडक खनेरै एक-अर्कालाई सहयोग पुऱ्याएका छन्। यति भएपछि सडक गुणस्तरको प्रश्न पनि उठ्दैन। विकासकै काममा भत्काइसकेपछि भत्किन लागेको पहिलेको सडकको कुनै जिम्मेवारी लिनु पर्दैन। अन्यथा, अहिले सडकको गुणस्तरको बारेमा पनि प्रश्न उठ्नुपर्ने हो। जापानले बनाइदिएको जडीबुटीबाट अगाडि बढ्ने सडकको अवस्था हेर्ने र अन्य सडक हेर्ने हो भने गुणस्तरको बारेमा प्रष्ट हुन सकिन्छ। यही नेपाल हो, जहाँ जापानले बनाएको सडक बढी टिकाउ छ। अहिले अरू सडक पनि यही नेपालकै मानिसले बनाएका हुन्, तिनको अवस्था गए/गुज्रेको छ। यो मुलुकमा खोइ कुन त्यस्तो व्यक्ति आउला, जसले यी सडक दुर्दशाका बारेमा ध्यान देला ? यस्तो कमसल काम गर्ने व्यक्तिलाई कानुनको कठघरामा उभ्याउन सक्ने कोही 'बहादुर' होलान् कि नहोलान् ?

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# केशोर र बयरको बजार बढ्दै




टक नेपाल, जनकपुरधाम। मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा धार्मिक, सांस्कृतिक पर्वसँगै किसानका विभिन्न फसलको सम्बन्ध जोडिएको छ। श्रीपञ्चमी पर्व नजिकिएसँगै बयर (रूखमा फल्ने फलविशेष) र केशोर (माटोमुनि फल्ने फलविशेष) उत्पादन भएपछि किसान खुसी भएका छन्। अहिले यो पर्व नजिकिएसँगै महोत्तरीका हाटबजारमा केशोर र बयरको बजार बढेको छ। वसन्तपञ्चमी पनि भनिने यस पर्वमा सरस्वतीको पूजाका लागि बयर र केशोरको महत्व निकै हुन्छ। बस्ती/बस्तीका विद्यालय र घरघरै पनि उल्लासमय वातावरणमा मनाइने सरस्वती पूजामा प्रसादका रूपमा बयर र केशोरको प्रयोग गरिने भएकाले यो बेला यी उत्पादनले राम्रो बजार पाउँछन्। पर्व नजिकिँदै गर्दा किसान केशोर खन्न र बजार पुऱ्याउन तल्लीन देखिन्छन्। 'लगातार बाक्लो हुस्सुसँगैको चिसो स्याँठले राम्ररी काम गर्न कठिन भए पनि केशोर बिक्रीको बेला भएकाले धमाधम खन्न लागेका छौँ', बर्दिबास-९ पशुपतिनगरका किसान रामविनोद महतोले भन्नुभयो, 'अबका चार दिन केशोरले बजार पाउने त हो।' यस वर्ष श्रीपञ्चमी पर्व माघ मध्यअघि नै पर्दा केशोर खन्न ठीक बेला भए पनि लगातारको चिसोले यसमा कालो धब्बा लागेर दुःख दिएको सम्बद्ध किसानले बताए। बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहितका जिल्लाका उत्तर वर्ती नगर क्षेत्रका बस्तीमा केशोरको व्यावसायिक खेती हुँदै आएको छ। यस भेगको केशोर देशका विभिन्न भागका साथै भारतको पश्चिम बङ्गालसम्म पुग्ने हुँदा अहिले केशोरका व्यापारीको चहलपहल पनि बढेको छ। केशोरको व्यावसायिक खेती हुने भए पनि यहाँ बयरको भने व्यावसायिक खेती फस्टाएको छैन। उन्नत जातका बयरका बिरुवा नरोपिँदा यहाँको बजारमा पुराना बयरले माग धान्न नसकेपछि हाटबजारमा बाहिरबाट मनग्ये बयर आउने गरेको छ। 'बयरका रूख त छन् तर उनै पुराना, जे फल्छन् भगवान् भरोसे', भङ्गाहा-४ पलारका किसान जयकरण बाँतरले भन्नुभयो, 'यो पनि वसन्तपञ्चमी ताका टिप्न सकिएन भने झरेर खेर जान्छ, त्यसैले टिप्दैछौँ।' यता उन्नत जातका बयरको खेती नथालिँदा भारतबाट आउने बयरमा आश्रित हुन परेको किसान बताउँछन्। स्थानीय सरकारले उन्नत जातका बयरका बिरुवा उपलब्ध गराइदिए आफूहरु खेती गर्न इच्छुक रहेको जयकरणकै छिमेकी महेश सर्दार बाँतरले बताउनुभयो। यसैगरी माटोमुनि फल्ने केशोर तयार हुने समय पनि माघ मध्यभित्र नै हो। खन्न ढिलो हुनासाथ माटोमुनि नै फल कुहिँदै जाने, कालो धब्बा लाग्ने र स्वाद बिग्रने भएको हुँदा केशोर खन्न किसान व्यस्त देखिएका हुन्। 'केशोर खन्न अब ढिलो गर्न हुन्न, श्रीपञ्चमी आउन अब केही दिनमात्र बाँकी छ, आउने बिहीबारसम्म पर्वका लागि यसको बजार हुन्छ, त्यसैले घरका सबै केशोर खन्न जुटेका छौँ', बर्दिबास-७ मनहरिपुरका किसान रोशन यादवले भन्नुभयो। टाढाटाढासम्म केशोर निर्यात गर्ने मनहरिपुरका किसान बारीमा फसल तयार भए पनि मौसमले राम्रो साथ नपाएको बताए। खनेको केशोर तत्कालै नबिग्रने हुँदा मनहरिपुरमा अहिले घरघरैजसो आँगनमा खनेका केशोरका थुप्रा देखिन्छन्। जिल्लामा बयरको व्यावसायिकरुपमै खेती गर्ने किसान त थोरै छन्। तर केशोर खेती भने जिल्लाका उत्तरवर्ती क्षेत्रका बस्तीमा किसानले व्यापकरूपमा गर्दै आएका छन्। सरस्वती पूजाका बेला यस भेगमा उत्पादित केशोर मुलुकभित्रकै टाढाटाढाका बजार र भारतीय बजारसम्म पुग्ने गरेको गौशाला-१० का किसान अरुण कुशवाहाले बताउनुभयो। स्वास्थ्यका दृष्टिले गुणकारी फल केशोर पर्वविशेषको प्रसाद सामग्रीमात्र नभई मौसममा फल्ने फलका रुपमा खाने चलन आमरूपमा बस्न सके यसको बजार विस्तार अझ हुने स्वास्थ्यकर्मीको भनाइ छ। खानामा अरुचि हटाउन, पाचनक्रिया मजबुत बनाउन, कोशिकाहरु सक्रिय बनाउन र रगत शुद्धीकरणका लागि पनि केशोर उपयोगी फल रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले बताउनुभयो। अहिले उत्पादन भएको केशोर खनेर चिस्यानघरमा राख्नसके वैशाख/जेठको गर्मीयाममा राम्रो मूल्यमा बिक्री गर्न सकिन्छ तर चिस्यानघरको अभावमा केशोरलाई सुरक्षित राख्न कठिन भएको उहाँको गुनासो थियो।

# समयमै राष्ट्रपतिको निर्वाचन हुनुपर्ने कांग्रेसको माग

टक नेपाल, काठमाडौं। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले निर्धारित समयमै राष्ट्रपतिको निर्वाचन गर्न सरकार र निर्वाचन आयोगसँग आग्रह गरेको छ। कांग्रेस सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा पार्टी पदाधिकारी र पूर्वपदाधिकारीको आज भएको बैठकले सो निर्णय गरेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो। बैठकले कुनै पनि कानुनी अड्चन देखाएर राष्ट्रपतिको निर्वाचन पछि सार्न नहुनेबारे सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराएको हो। बैठकमा राष्ट्रपतिको निर्वाचन समयमै गर्नुपर्ने र कुनै कानुनी समस्या भए त्यसलाई समाधान गरी निर्वाचन प्रक्रियालाई अघि बढाउनुपर्ने सम्बन्धमा छलफल भएको उहाँले बताउनुभयो। कांग्रेसले राष्ट्रपतिको निर्वाचनका सम्बन्धमा अरू दलको पनि सहयोग लिएर प्रस्तुत हुने दृष्टिकोण राखेको प्रवक्ता महतले बताउनुभयो। यसका लागि कांग्रेसले संसद्मा रहेका अन्य दलसँग पनि सरसल्लाह गर्ने जनाएको छ। नेपालको संविधानको धारा ६३ मा राष्ट्रपतिको कार्यकाल पाँच वर्ष हुने उल्लेख छ। राष्ट्रिपति विद्यादेवी भण्डारी २०७४ साल फागुन २९ गते दोस्रो कार्यकालका लागि सो पदमा निर्वाचित हुनुभएको हो। यसैगरी राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ४ मा आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने उल्लेख छ।



# सर्लाहीका प्रजिअ गौतमलाई कर्मचारी मिलन केन्द्रले गरे विदाई




टक नेपाल, सर्लाही । सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमलाई मायाको चिनो सहित कर्मचारी मिलन केन्द्र, सर्लाहीद्वारा भव्य विदाइ गरिएको छ। विगत १३ महिना आगाडी सर्लाहीको प्रमुख जिल्ला अधिकारीका रुपमा जिम्मेवारी सम्हाल्नु भएका गौतम गृह मन्त्रालयमा सरुवा भएपछि उहाँको विदाई गरिएको हो । मृदुभाषी, सरल, शालिन, भद्र, निर्भिक, निडर, प्रभावकारी समन्वयकारी एवं विकासप्रेमी छवी बनाउनु भएका गौतमलाई आज कर्मचारी मिलन केन्द्र, सर्लाहीले मायाको चिनो, दोसल्ला,अविर, फूलमालाले सम्मान गर्दै विदाई गरेको हो। उहाँ आज नै सर्लाही छोडदै हुनुहुन्छ । आयोजना गरिएको फेरि भेटौला कार्यक्रम मार्फत विदाई समारोहमा वक्ताहरूले प्रमुख जिल्ला अधिकारी गौतम सबैको साथ र सहयोगले स्थानीय तहको निर्वाचन -२०७९, प्रतिनिधि सभा सदस्य एवं प्रदेश सभा सदस्य निर्वाचन-२०७९, जिल्लाको शान्ति, सुरक्षा, अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, सामाजिक सुधार र रूपान्तरण, विपद व्यवस्थापन, समन्वय सहजीकरण, सदाचार र आर्थिक अनुशासनस्थिती मजवुत बनाउनमा भएको प्रयास सराहनीय रहेको बताउनुभयो। वक्ताहरूले विकास निर्माणमा सम्बन्धित सरोकारवाला पक्षसँग समन्वय तथा सहजीकरणको शुरुवात भएको भन्दै अझै सार्थक र प्रभावकारी बनाउन निरन्तरता दिनु पर्ने आवश्यकता औल्याउनु भयो । केन्द्रका वरिष्ठ उपाध्यक्ष होमनाथ सुवेदीले जनभावनालाई आत्मसाथ गरेर बढने गौतमको स्वभावले कर्मचारीलाई उच्च मनोवलका साथ कार्य सम्पादन गर्न ठुलो मद्दत मिलेको बताउनु भयो। वरिष्ठ उपाध्यक्ष सुवेदीले विकासका काममा सहजीकरण गर्ने जिम्मेवारीले जनप्रतिनिधीहरूलाई थप हौसला मिलेको विश्वास व्यक्त गर्नु भयो । उपाध्यक्ष सुवेदीले आफ्नो व्यक्तिगत तथा केन्द्रको तर्फबाट प्रजिअ गौतमलाई जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दै सफलताको शुभकामना दिनुभयो । कार्यक्रममा भर्खरै जिल्लामा नेपाल प्रहरीका प्रहरी उपरीक्षक र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उप-अनुसन्धान निर्देशकको जिम्मेवारी सम्हाल्नु भएका क्रमशः नरेशराज सुवेदी र संन्तोष ढुंगेललाई अविर, माला, गम्छाले स्वागत गरिएको थियो। कर्मचारी मिलन केन्द्रका वरिष्ठ उपाध्यक्ष होमनाथ सुवेदी, उपाध्यक्ष गोपाल प्रसाद गौतम, सचिव सुनिल कुशवाहा, सदस्यहरू जितेन्द्र किशोर गुप्ता, रञ्जय कुमार महतो, राज कुमार थापा, प्रमुख सेनानी अभिषेक कार्की, प्रहरी उपरीक्षक नरेशराज सुवेदी, उप-अनुसन्धान निर्देशक सन्तोष ढुंगेल, सप्रजिअ हरि प्रसाद अधिकारी,बलरा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, मलंगवा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतम, चक्रघट्टा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत संजीव यादव, ब्रह्मपुरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शैलेस यादव, शिक्षा विकास तथा समन्वय इकाइका इकाइ प्रमुख रामअधार सिंह कुशवाहा लगायत कर्मचारी मिलन केन्द्रका पदाधिकारी, सुरक्षा निकायका प्रमुख, कार्यालय प्रमुखहरूको उपस्थिती रहेको थियो। कार्यक्रम केन्द्रका सचिव सुनिल कुशवाहाले सञ्चालन गर्नुभएको थियो।

# एउटै पालिकाका उपप्रमुखसहित चार जनप्रतिनिधि छानबिनमा तानिए

टक नेपाल, राजविराज । सप्तरीको डाकनेश्वरी नगरपालिकाका उपप्रमुखसहित चार जनप्रतिनिधि छानबिनमा तानिएका छन् । दुई वडाध्यक्ष त फरार नै छन् । नेपाल र भारत दुई देशको नागरिक रहेको उजुरी परेपछि नगरपालिकाकी उपप्रमुख मीराकुमारी यादवको नागरिकता जिल्ला प्रशासन कार्यालयले छानबिन गरिरहेको छ। वडा-२ का अध्यक्ष रहमान मियाँ सरकारी लिखतसम्बन्धी कसुर र नागरिकता किर्ते मुद्दामा गत पुस २४ मा पुर्पक्षका लागि कारागार चलान भएका छन्। जिल्ला अदालत सप्तरीको आदेशमा मियाँ चलान भएका हुन् । वडाध्यक्ष रहमानसहित २१ जनाले भत्ता वितरणमा सरकारी कागज र छाप किर्ते गरी एउटै व्यक्तिको नाममा दुईवटा नागरिकता नम्बर प्रचलनमा ल्याएर सामाजिक सुरक्षा भत्ता निकासा गरी ८३ लाख ४१ हजार १ सय ८ रुपैयाँ हिनामिना गरेको आरोपमा सप्तरी प्रहरीले दुई वर्षअघि जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला



अदालतमा मुद्दा दायर गरेको थियो। मुद्दाको प्रक्रिया अघि बढेपछि फरार रहेका मियाँ गत वैशाख ३० मा भएको चुनावमा वडाध्यक्षमा विजयी भएका थिए। त्यसपछि उनी पक्राउ परेका हुन् । वडा-७ का वडाध्यक्ष शत्रुधन मण्डल जिल्ला अदालतले एक वर्ष कैद र २५ हजार रुपैयाँ जरिवाना तोकेपछि उनी फरार छन् । डाकनेश्वरी-७ की १८ वर्षीया युवतीले सामूहिक बलात्कार पछि २५ हजार रुपैयाँ लिएर गाउँमै मिल्न दबाब दिने पञ्चायती गरिएपछि आत्महत्या गरेकी थिइन्। सोही मामिलामा जिल्ला अदालतले तत्कालीन अवस्थामा पञ्चायतीमा संलग्न रहेका मण्डललाई पनि दोषी देखाउँदै गत पुस १८ मा सजाय तोकेको थियो। डाकनेश्वरी-३ का वडाध्यक्ष भागेश्वर यादव पनि फरार छन्। भारतीय युवालाई नेपाली नागरिकता बनाउन सिफारिस गरेको आरोपमा वडाध्यक्ष यादवमाथि अदालतबाट पक्राउ पुर्जी जारी भएको छ। प्रहरीले खोजी गरिरहे पनि उनी गाउँघरमा वडाध्यक्षकै भूमिकामा रहेको स्थानीयले बताए।

## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने



औरही नगरपालिका, महोत्तरीद्वारा जनहितमा जारी

मनराशिसवा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मनरा
मधेश प्रदेश , नेपाल

**शिलबन्दी दरभाउपत्रको संसोधन सूचना**

सूचना प्रकाशित मिति २०७९/१०/१०

उपरोक्त बिषयमा यस पालिका मार्फत खरिद हुने " **स्वास्थ्य चौकीहरुको लागि नि:सुल्क औसधि वितरण लागि औषधि खरिद** Manara/Mun/Health/SQ/1/2079/80 " कार्यकोलागि मिति २०७९/०९/२४ गते टक नेपाल राष्ट्रिय दैनिकमा प्रकाशन भएको **शिलबन्दी दरभाउपत्रको सूचना** अनुसार रित पुर्वकको समय भित्र कुनै सप्लायर्सहरुले दरभाउ पत्र खरिद गर्न आबेदन नदिएकोले पुर्व सुचनामा दिइएको म्यादमा मिति २०७९/१०/१६ गते १२:०० भित्र अन्तिम खरिद तथा दर्ता को लागि म्याद थप गरिएको सबै बोलपत्रदाता र सरोकारवालाहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

सूचना ! सूचना !! सूचना !!!

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, महोत्तरी सम्पर्क: ०४४-५५०२५५, एम्बुलेन्स नं. ९८५२०८४६०४

**सेवा तथा सुविधाहरु:**

१. OPD सेवा – नि:शुल्क
२. LAB सेवामा – 25% छुट
३. X-Ray, USG, ECG, CT- SCAN सेवामा – 10% छुट
४. Whole Body चेकअपमा – 50% छुट
५. Pharmacy सेवामा – 10% छुट
६. Hospital Service सेवामा – 25% छुट
७. अप्रेशन सेवामा – 50% छुट (हाइड्रोसिल, हर्निया, पाईल्स)
८. NICU सेवामा – 25% छुट
९. आँखा र दाँत सेवामा – 25% छुट

**हाम्रा सेवाहरु:**

१. जेनरल फिजिसियन सेवा
२. ईमर्जेन्सी तथा General Practitioner सेवा
३. स्त्री रोग तथा प्रसुती सेवा
४. बाल तथा शिशु रोग सेवा
५. हाडजोर्नी तथा नशा रोग सेवा
६. नाक, कान तथा घाटी रोग सेवा
७. आँखा रोग सेवा
८. मुख तथा दाँत रोग सेवा
९. Normal Delivery तथा Surgery सेवा
१०. ICU तथा NICU सेवा



Note: (बाहिरबाट आउने डाक्टर) को सेवा बाहेक माथि उल्लेखित सेवा सुविधामा छुट हुनेछ।

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com